# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ असोज ७ गते

# पीडितहरूको न्यायको अधिकार सुनिश्चित गर, गंगामाया अधिकारीको जीवन रक्षा गर

गोरखा (फुजेल) का नन्दप्रसाद अधिकारीको आमरण अनसनको क्रममा २०७१ साल असोज ६ गते वीर अस्पतालमा निधन भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आफ्ना छोरा कृष्णप्रसाद अधिकारीलाई तत्कालीन विद्रोही नेकपा माओवादी कार्यकर्ताले अपहरण गरी हत्या गरेकोमा दोषीहरूलाई फौजदारी अभियोगमा मुद्दा चलाउन माग गर्दै न्यायप्राप्तिका लागि ज्यानै गुमाउनुपर्ने अवस्था आउनुलाई आयोगले अत्यन्त दु:खद अध्यायको रूपमा लिएको छ ।

आमरण अनसनको क्रममा रहनुभएका गंगामाया अधिकारीको स्वाथ्य स्थिति गम्भीर बन्दै गएकोले उहाँको जीवनरक्षाका लागि गम्भीरतापूर्वक प्रयास गर्न आयोग नेपाल सरकार तथा सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ । साथै, न्याय प्राप्तिका लागि आमरण अनसनजस्तो कष्टकर उपाय त्यागी अन्य वैकल्पिक उपाय अपनाउन पनि आयोग गंगामाया अधिकारीसँग हार्दिक अनुरोध गर्दछ ।

आयोगले कृष्णप्रसाद अधिकारीको हत्या प्रकरणको अनुसन्धानपछि दोषीलाई फौजदारी अभियोगमा कारबाही चलाउन, पीडितलाई क्षतिपूर्ति, पुन:स्थापनालगायत पर्याप्त शान्ति-सुरक्षाको व्यवस्था गर्न/गराउन नेपाल सरकारलाई विगतमा सिफारिस गरिसकेको र त्यसबारे नियमित रूपमा अनुगमन गरिरहेको पुन: स्मरण गराउन चाहन्छ ।

सशस्त्र द्वन्द्वकाल र त्यसपश्चात समेत हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा शीघ्रातिशीघ्र अनुसन्धान र अभियोजन नहुनु, न्यायप्रशासनमा ढिलासुस्ती तथा द्विविधाग्रस्त एवम् उदासीन मनस्थितिले मानव अधिकारको प्रभावकारी संरक्षण र सम्मानमा कठिनाइ हुने देखिन्छ ।

कानुनको शासन मानव अधिकारको आधारशिला भएकोले विगतमा आयोगबाट भएका सिफारिसहरूको समयमै प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ । मानव अधिकारको पूर्ण सम्मानबाट मात्रै दीर्घकालीन शान्ति सम्भव हुने सन्दर्भमा संक्रमणकालीन न्यायले फौजदारी कानुनी प्रक्रियालाई प्रतिस्थापन नगरी सोको लागि सहयोगीमात्र हुन सक्ने भएकोले त्यसतर्फ आयोग ध्यानाकर्षण गराउँदछ ।

साथै, दिवङ्गत नन्दप्रसाद अधिकारीको आत्माको चिरशान्तिको कामना गर्दै उहाँका परिवारजनप्रति आयोग गहिरो समवेदना प्रकट गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव